# प्रभु बैंक लिमिटेड शाखा कार्यालय सिन्धुली, सिन्धुलीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०२/२८ गते विहिबारको सौर्य राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागी मिति २०८२/०२/१३ गते मंगलबारको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरीएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले मिति २०८२/०५/०६ गते शुक्रबारको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ति लिलाम बिक्री हुन नसकेकाले कर्जा असुलीका लागि कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य कर्जा असुलीमा लागि प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय सिन्धुली, **सिन्धुलीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् २०८३/०३/०४ गते बिहिबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको **शाखा कार्यालय सिन्धुली, सिन्धुलीमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइछ।

**तपसिल**

| **क. ऋणी तथा जमानतकर्ताको विवरण :** | |
|---|---|
| **ऋणीः तिलक माया लुङ्गेली मगर** (ना.प्र.नं. २०१४/२२२६० जारी मिति २०५८/१०/२३ जि.प्र.का. सिन्धुली)। ठेगानाः सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं ७ बाबुः ललित बहादुर राना मगर। पतिः लोक बहादुर लुङ्गेली मगर। ससुराः रुद्र बहादुर लुङ्गेली मगर। | **जमानतकर्ताः लोक बहादुर लुंगेली मगर** (ना.प्र.नं. ७८/८७३७ जारी मिति २०५०/०५/१४ जि.प्र.का. सिन्धुली) ठेगानाः सिन्धुली जिल्ला कमलामाई न. पा. वडा नं ७ बाबुः रुद्र बहादुर लुंगेली मगर। बाजेः लाल बहादुर लुंगेली मगर। |
| **जमानतकर्ताः तारा बहादुर लुंगेली** (ना.प्र.नं. २०१०५४/१९३२ जारी मिति २०६४/०२/११, प्रतिलिपि जारी मिती २०७०/०५/१९ जि.प्र.का. सिन्धुली) ठेगानाः सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ७। बाबुः लोक बहादुर लुंगेली मगर। बाजे : रुद्र बहादुर लुंगेली मगर। | **जमानतकर्ताः मिलन लुंगेली** (ना.प्र.नं. २०-०१-७५-०७४२८ जारी मिति २०७५/११/१५ जि.प्र.का. सिन्धुली) ठेगानाः सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं ७। बाबुः लोक बहादुर लुंगेली मगर। बाजेः रुद्र बहादुर लुंगेली मगर। |

**लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

ऋणी **तिलक माया लुङ्गेली मगरको** नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला सिद्धेश्वर गा.वि.स वडा न ७ नक्सा सिट नं. ७ग स्थित कित्ता नं. २३८५ को क्षेत्रफल ०-०-१०-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापत समेत...................................१

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय सिन्धुली, सिन्धुली**बाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय सिन्धुली, सिन्धुलीमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**

**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**

**फोन नं. : ०१-५७१९०००**

Size: 3x23